**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. २६८

पुनरावेदन नं. ०७५-RB-०२१२

पुनरावेदन दर्ता मितिः-२०७५।१०।२२

**मुद्दाः–मूल्य अभिबद्धि कर (आ.व.२०६९/०७०)।**

| | |
|---|---|
| का.जि.का.म.न.पा.वडा नं.२ गैह्रिधारा स्थित सनराइज बैंक लिमिटेडको तर्फबाट अख्तियार प्राप्त ऐ.बैंकका प्रमुख कार्यकारी अधिकृत वर्ष ६३ को रत्न राज बज्रचार्य..........................................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..............................................१<br>आन्तरिक राजस्व विभाग,लाजिम्पाट, काठमाडौं..............................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री बलराम रिज्याल

शुरु कार्यालयको निर्णय मितिः-२०७४।०२।१९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः- २०७५।०८।२४

**उपस्थित कानुन व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री प्रकाश रेग्मी

प्रत्यर्थीका तर्फबाटः-विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७५।०८।२४ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको अधिकार क्षेत्र भित्र पर्ने देखिंदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. करदाता सनराइज बैंक लिमिटेडको आ.व. २०६९/०७० को कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर तथा जरिवाना समेत जम्मा रू.७,०५,५२७।- (अक्षेरूपी सात लाख पाँच हजार पाँच सय सत्ताइस रुपैया मात्र) कर निर्धारण गर्नुपर्ने भई सोको आधार र कारण संलग्न गरी प्रारम्भिक कर निर्धारण आदेश करदाताको नाममा मिति २०७४।०१।२२ मा जारी भएको।

२. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७४।०१।२२ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश करदाताले मिति २०७४।०१।२६ मा बुझी लिई सो को जवाफ मिति २०७४।०२।१० मा पेश गरेको ।

३. करदाताको नाफा नोक्सान हिसाबको अनुसूची २४ मा SWIFT / Reuter सेवा प्राप्त गरे वापतको रकम भुक्तानी रू.१६,८६,४३२।१४ र रु.७,७१,१३३।५४ मा मू.अ.कर असुल उपर गरी दाखिला गरेको नदेखिएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम रु.३,१९,४८४।—(तीन लाख उन्नाइस हजार चार सय चौरासी रुपैया) मू.अ.कर निर्धारण गरी सोही ऐनको दफा २९(१क) बमोजिम २५ प्रतिशत जरिवाना र सोही ऐनको दफा १९(२) तथा २६(१) बमोजिम लाग्ने थप दस्तुर एवं व्याज (२०७० साउन देखि २०७४ जेष्ठ सम्म) समेत दाखिला गर्ने गरी अन्तिम कर निर्धारण आदेश ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका प्रमुख कर प्रशासकबाट मिति २०७४।०२।१९ मा भएको निर्णय।

४. मिति २०७४।०२।१९ मा ठूला करदाता कार्यालय, ललितपुरबाट मूल्य अभिवृद्धि कर तर्फ आ.व. २०६९/०७० को लागि करदाताको नाममा जारी भएको अन्तिम कर निर्धारण आदेश उपर चित्त नवुझि करदाता सनराइज बैंक लिमिटेडले प्रशासकीय

पुनरावलोकनको लागि मिति २०७४।०४।२३ मा आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंमा पेश गरेको निवेदन पत्र।

५. करदाताले मू.अ.कर तर्फको प्रारम्भिक कर निर्धारण आदेशको जवाफमा बैंक सकारात्मक रही कानून बमोजिम तिर्न तयार रहेको भनी स्वीकारोक्तियुक्त जवाफ पेश गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम सेवा आयातमा मू.अ.कर दाखिला गरेको नदेखिएकोले सोही ऐनको दफा २०(१)(घ) बमोजिम कर निर्धारण गरी ऐ.ऐनको दफा २९(१क) बमोजिम जरिवाना तथा दफा १९ र दफा २६ बमोजिम थप दस्तुर र व्याज समेत निर्धारण गर्ने गरी शुरु कर कार्यालयबाट भएको निर्णय कानुन सम्मत देखिंदा निवेदन जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२४ मा भएको निर्णय।

६. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (३) तथा ऐ.ऐनको अनुसुचि १ को समुह ११ को वस्तु तथा सेवाको कारोवारमा मूल्य अभिबृद्धि कर लगाउन नपाउने प्रष्ट कानुनी व्यवस्था रहेको अवस्थामा उक्त कानुनी व्यवस्था प्रतिकुल हुने गरी करदातालाई दफा २० को उपदफा (१) बमोजिम मूल्य अभिबृद्धि कर निर्धारण गरी सोमा सोही ऐनको दफा २९(१क) बमोजिम जरिवाना र सोही ऐनको दफा १९(२) तथा दफा २६(२) बमोजिम लाग्ने थप दस्तुर एंव व्याज समेत लाग्ने भनी ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश र उक्त आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय गैर कानूनी रहेको हुदां बदर गरी न्याय दिलाई पाउ भन्ने समेत वेहोराको करदाताको तर्फबाट मिति २०७५।१०।२२ मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाडौंलाई पेशीको सूचना दिइ नियमानुसार पेश गर्नु भन्ने मिति २०७६।४।२२ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता हिमालयन बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री प्रकाश रेग्मीले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश तथा सो आदेशलाई सदर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

९. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको मिति २०७४।२।१९ को अन्तिम कर निर्धारणको आदेश र उक्त आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२४ भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. निर्णय तर्फ विचार गर्दा, करदाताले Swift र Reuters सेवा वित्तीय सेवा भएकोले मूल्य अभिवृद्धि कर नलाग्ने हुँदा उक्त सेवा अन्तर्गतको कर, जरिवाना, व्याज तथा दस्तुर नलाग्ने निर्णय गरी पाँउ भन्ने पुनरावेदन जिकिर लिएको देखियो। ठूला करदाता कार्यालयबाट करदाताको कर निर्धारण हुंदा करदाताले Swift र Reuters सेवा नेपालमा नै आफ्नो ग्राहकलाई प्रदान गरेको, SWIFT सेवालाई भएको भुक्तानी विदेशमा रकम स्थानान्तरण गर्दा सूचनाको प्रशोधन तथा सम्प्रेषण वापत विदेशी आपूर्तिकर्तालाई भुक्तानी गरेको रकम भएको र सो वित्तिय सेवा नभई सूचना सम्प्रेषण र प्रशोधनको खर्च भएको देखिँदा सेवा वापत भएको खर्चलाई मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ११(३) ले करछुट प्रदान गरेको देखिन आएन भन्ने आधार ग्रहण गरेको देखिन आउँछ।मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसुची १ को समूह ११ (३) ले वित्तिय सेवालाई मात्र कर छुट दिएको देखिन्छ। वित्तिय सेवासंग सम्बन्धित अन्य सेवालाई कर छुट दिएको देखिएन।

११. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८ उपदफा (२) मा "*नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएकों व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखत मध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ*" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ ।मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१) को खण्ड (घ) ले करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नु पर्ने कारण भएमा कर अधिकृतलाई कर निर्धारण गर्ने अधिकार रहे भएको देखिन्छ। करदाता बैंकले **Swift** र **Reuters** सेवा प्रयोग गरी नेपाल भित्रको आफ्नो **Client** हरुलाई प्रदान गरी सो सेवा वापतको शुल्क समेत असुली गरेर गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको तथ्यमा विवाद देखिदैन। त्यस्तो भुक्तानीको हकमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) बमोजिम भुक्तानीका बखत मूल्य अभिवृद्धि कर दाखिल गर्नुपर्नेमा यी पुनरावेदक करदाताले मूल्य अभिवृद्धि कर दाखिल गरेको नदेखिंदा अन्तिम कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालयले मिति २०७४।०२।१९ मा गरेको निर्णय कानून सम्मत नै देखिन आयो। उक्त Swift र Reuters सेवालाई वित्तीय सेवा भनी साविक बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले परिभाषित नगरेको सन्दर्भमा उक्त सेवा वित्तीय

सेवा नै हो, त्यस वापत मूल्य अभिवृद्धि कर लाग्ने होइन भनी पुनरावेदक करदाताले लिएको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

१२. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता सनराइज बैंक लिमिटेड (स्थायी लेखा नं. ३०२६६९७७०) को आ.व.२०६९/०७० को मूल्य अभिवृद्धि कर तर्फ ठूला करदाता कार्यालय ललितपुरले मिति २०७४।०२।१९ मा अन्तिम कर निर्धारण गरेको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२४ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः-सनिता लामा
फैसला मितिः- २०७९।१२।१४।३
फैसला प्रमाणीकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप